apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्षः १२ ● अंकः २३६ ● पृष्ठः ४ ● २६ भदौ २०८३ शुक्रबार (11 September 2026. Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## हिमाल, पहाड र तराईबाट चुनाव जितेर प्रधानमन्त्री बन्ने रेकर्ड मेरै होः प्रचण्ड

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २५ गते**



नेपाल कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले आफू हिमाल, पहाड र तराई सबै क्षेत्रबाट चुनाव जितेर प्रधानमन्त्री बन्ने एक्लो नेता भएको दाबी गरेका छन्।

सिरहाको मिर्चैयामा आयोजित पार्टीको प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै उनले पछिल्लो चुनाव जित्ने आफू मात्र एक्लो पूर्वप्रधानमन्त्री भएको जिकिर समेत गरेका हुन्।

आफ्नो राजनीतिक यात्रा र चुनावी सफलतालाई ऐतिहासिक रेकर्डको संज्ञा दिँदै प्रचण्डले देशका विभिन्न भूगोलबाट आफूले प्रतिनिधित्व गरेको स्मरण गराए । 'मैले एउटा रेकर्ड बनाएको छु। म पहिला राजधानीबाट, रोल्पाबाट, सिरहाबाट, चितवनबाट र गोरखाबाट निर्वाचित भएँ,' उनले भने, 'अहिले रुकुम पूर्वबाट निर्वाचित भएको छु ।' तराई, मधेश, पहाड र हिमाल सबैतिरबाट विजयी भएर प्रधानमन्त्री बन्ने सौभाग्य आफूलाई मात्र प्राप्त भएको उनको भनाइ थियो।

देशमा अहिले छ-सात जना पूर्वप्रधानमन्त्री रहेको सन्दर्भ कोट्याउँदै उनले चुनाव जित्ने मामलामा आफू भाग्यमानी रहेको बताए। 'यो पटकको निर्वाचनमा निर्वाचित हुने र विजयी हुने एउटै मात्रै प्रधानमन्त्री बिचरो प्रचण्ड मात्रै हो,' उनले थपे, 'दायाँबायाँ हेर्दा कोही छैनन्, त्यस्तो अवसर पनि मैले नै प्राप्त गरेँ।'

सिरहाको अत्यधिक गर्मीका बिच पनि कार्यक्रममा उपस्थित कार्यकर्ताको बाक्लो भीड देख्दा उनी उत्साहित देखिएका थिए । मिर्चैया नगरपालिकाको एउटा विद्यालयको कार्यक्रम सकेर त्यहाँ पुगेका उनले गर्मी र पार्टीप्रतिको उत्साह घटेको हल्लाका कारण उपस्थिति पातलो हुने अनुमान गरेका थिए । तर, खुट्टा राख्ने ठाउँ नै नहुने गरी कार्यकर्ता उपस्थित भएको देख्दा उनले सबैलाई धन्यवाद दिए । 'तपाईंहरूले गर्मीको प्रवाह नगरी पार्टीप्रति फेरि एकपटक भरोसा र विश्वास व्यक्त गर्नुभयो,' प्रचण्डले भने ।

पञ्चायतविरोधी आन्दोलन, जनयुद्धको तयारी र शान्ति प्रक्रिया देखि नै आफू सिरहासँग नजिक रहेको उनले स्मरण गरे। दोस्रो संविधानसभा निर्वाचनमा सिरहा क्षेत्र नम्बर ५ बाट जिताएर आफूलाई दोस्रो पटक प्रधानमन्त्री बनाएको भन्दै उनले सिरहावासीप्रति सधैं ऋणी रहने बताए।

सम्बोधनका क्रममा प्रचण्डले पछिल्लो राजनीतिक घटनाक्रमबारे पनि लामो व्याख्या गरे । उनले संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणका लागि नयाँ संघर्ष सुरु भएको बताए। भाद्र २४ गतेको घटनालाई लिएर पार्टीको केन्द्रीय संयोजन समितिले त्यसलाई 'नेपालको लोकतान्त्रिक आन्दोलनको इतिहासको कालो दिन' घोषणा गरेको उनले जानकारी दिए।

'त्यसलाई कालो दिनका रूपमा लिनुपर्छ । त्यो दिन संविधान र

बाँकी पृष्ठ ३ ▸▸

## खाजाको पैसा बचाएर बाढीपीडितलाई ८१ हजार १८१ रुपैयाँ सहयोग

**मुकेश कुमार यादव**
**सिरहा, भदौ २५ गते**

रसुवाको भोटेकोशीमा भदौ १० गते आएको विनाशकारी बाढीपहिरोबाट प्रभावित परिवारहरूको सहयोगार्थ गोलबजारस्थित हिमालयन पब्लिक स्कुलले ८१ हजार १८१ रुपैयाँ राहत सहयोग गरेको छ। विद्यालयका प्ले ग्रुप (एन्) देखि कक्षा १० सम्म अध्ययनरत विद्यार्थीहरूले आफ्नो खाजाका लागि छुट्याइएको रकमबाट सहयोग गरेका हुन्।




विद्यार्थीहरूको अभियानमा शिक्षक तथा कर्मचारीले समेत साथ दिएका छन् भने विद्यालयले पनि थप सहयोग गरेको विद्यालयका कार्यकारी निर्देशक मानबहादुर लामाले जानकारी

बाँकी पृष्ठ ३ ▸▸

## ब्राउन सुगरजस्तो पदार्थसहित ४ जना पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २५ गते**

सिरहाको मिर्चैया नगरपालिका-१२ सिक्रोनबाट प्रहरीले ब्राउन सुगरजस्तो देखिने पदार्थसहित चार जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार बुधबार राति करिब १०:३० बजे लागूऔषध कारोबार भइरहेको गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय मिर्चैया र लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय गोलबजारबाट खटिएको संयुक्त टोलीले सिक्रोन नहर क्षेत्रमा शंकास्पद अवस्थामा रहेका चार जनालाई नियन्त्रणमा लिएको हो।

पक्राउ पर्नेमा मिर्चैया नगरपालिका-१२ सिक्रोनका २४ वर्षीय दीपक सहनी, २० वर्षीय सुनिल कापर, २५ वर्षीय सरोज कापर र २२ वर्षीय पप्पु कापर रहेका छन्।

प्रहरीका अनुसार खानतलासीका क्रममा दीपक सहनीले लगाएको जिन्स पाइन्टको खल्तीमा लुकाइराखेको अवस्थामा ८ ग्राम ५६० मिलिग्राम ब्राउन सुगरजस्तो देखिने पदार्थ

बाँकी पृष्ठ २ ▸▸

## पैसा नभएको भन्दै अस्पतालले भर्ना नलिएको आरोप, फुटपाथमै बबिताले जन्माइन् बच्चा

### अस्पताल भन्छ- भर्ना नलिएको होइन, बिरामी आफै बाहिरिनुभएको हो

**अपन दैनिक संवाददाता**
**सप्तरी, भदौ २५ गते**

फुटपाथको कुनामा सुत्केरी व्यथाले छट्पट्टाइरहेकी हुन्छिन्। अर्की महिलाले उनकै छेउमा बसेर स्याहारसुसार गरिरहेको देखिन्छ । आसपासका दुई जना व्यक्तिहरूले उनीहरूलाई हेरिरहेका हुन्छन्।

उक्त दृश्य अहिले सामाजिक सञ्जालमा चर्चामा रहेको भिडिओको हो । भिडिओ सार्वजनिक भएसँगै मानवीयतामाथि नै प्रश्न उठ्न थालेको छ।



सामाजिक सञ्जाल प्रयोगकर्ताले पैसा नभएकै कारण फुटपाथमा बच्चा जन्माउनुपरेको भन्दै सरकारको चर्को आलोचना गरिरहेका छन् भने कतिले अस्पतालको लापरबाहीमाथि प्रश्न उठाएका छन्।

उक्त भिडिओमा देखिएकी महिला को हुन् र किन फुटपाथमा बच्चा जन्माउन बाध्य भइन् भन्ने बारेमा

बाँकी पृष्ठ ४ ▸▸

## प्रादेशिक अस्पताल सिरहामा जटिल हाडजोर्नी तथा ट्रमा शल्यक्रिया

**रुन्केश कामती/अपन दैनिक**
**सिरहा, भदौ २५ गते**

प्रादेशिक अस्पताल सिरहामा हातजोर्नी विशेषज्ञ चिकित्सक थपिएसँगै उपचारमा सहजता र सफलता मिलेको छ।

विभिन्न कारणले हातखुट्टा लगायतका शरीरका विभिन्न भागमा चोटपटक, दुर्घटनाका भाँच्चिएको हड्डीलाई शल्यक्रिया गरी उपचारमा सफलता हासिल गरेका छन्।




पछिल्लो एक महिनामा १३ भन्दा वढी हातखुट्टा भाँच्चिएका विरामीको शल्यक्रिया गरी उपचार गर्न सफल भएको प्रादेशिक अस्पताल सिरहाले जनाएको छ । ३५ वर्षीय महिलाको खुट्टाको हड्डी भाँच्चिको थियो । उनको प्रादेशिक अस्पताल सिरहामा शल्यक्रिया गरी उपचार गरिएको हो । त्यसैगरी १० वर्षीय बालकको बायाँ हातको दुवै भाँचिएका हड्डीलाई शल्यक्रिया गरी उपचार गरियो। २६ वर्षीय युवाको दायाँ काँधको हड्डीको सफल शल्यक्रिया गरियो।१८ वर्षीया एक किशोरीको भाँच्चिएको बायाँ खुट्टाको सफलतापूर्वक शल्यक्रिया गरियो।

पछिल्लो समय प्रादेशिक अस्पतालमा हात, खुट्टा, काँधको हड्डी लगायतको शल्यक्रियामा चिकित्सकहरुले सफलता हासिल गरेको छ। एक महिना भित्रमा प्रादेशिक अस्पताल सिरहाका डा

बाँकी पृष्ठ ४ ▸▸




## मधेश प्रदेशमा ६ वर्षमा २८ हजार ८३ भवन निर्माण

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ २५ गते**

मधेश प्रदेश सरकारले भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्दै पछिल्लो छ वर्षमा २८ हजार ८३ वटा नयाँ भवन निर्माण गरेको छ । यसमा विपन्न तथा दलित परिवारका आवासदेखि सरकारी कार्यालय, सामुदायिक भवन र धर्मशालासम्म समेटिएका छन्।




प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७७/७८ देखि आव २०८२/८३ सम्म जनता आवास कार्यक्रमअन्तर्गत २० हजार ३७८, महेन्द्रनारायण निधि आवास कार्यक्रमअन्तर्गत दुई हजार ४१२ र विपन्नसँग मदन भण्डारी आवास कार्यक्रमअन्तर्गत चार हजार ७८ आवास निर्माण भएका छन्।

यस अवधिमा ८५६ सरकारी भवन, २९१ सामुदायिक भवन र ६८

बाँकी पृष्ठ ३ ▸▸

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

### जिल्ला अदालत बनाउन जग्गा व्यवस्थान गर

सिरहा सदरमुकाममा रहेको जिल्ला अदालत सिरहा न्याय सम्पादनको महत्वपूर्ण केन्द्र हो। जिल्लाका विभिन्न गाउँ-देहातबाट न्यायको खोजीमा दैनिक सयौं नागरिक अदालत परिसरमा पुग्छन्। अदालतको भौतिक पूर्वाधार र सेवा प्रवाहको क्षमता विस्तार हुन नसक्दा अहिले जिल्ला अदालत सिरहा अनेकौं समस्याको चपेटामा परेको छ। मुख्य सडकसँगै जोडिएको जिल्ला अदालतको वर्तमान अवस्थाले न्यायिक सेवासँगै सडक तथा ट्राफिक व्यवस्थापनमा समेत चुनौती थपेको छ। अदालतमा आउने सेवाग्राही, कानून व्यवसायी, कर्मचारी तथा अन्य सरोकारवालाका सवारीसाधन सडक आसपासमा पार्किङ हुने अवस्था छ। अदालत परिसरमा हुने अत्यधिक आवागमनका कारण मुख्य सडकमा सवारी चाप बढ्ने, जाम हुने र दुर्घटनाको जोखिमसमेत बढ्ने गरेको छ। न्याय प्राप्त गर्न अदालत पुगेका नागरिकका कारण सार्वजनिक सडक नै असहज बन्नुपर्ने अवस्था दीर्घकालीन रूपमा स्वीकार्य हुन सक्दैन्।

मुद्दाको संख्या वर्षेनी बढ्दै जाँदा जिल्ला अदालतको अदालतको विद्यमान भवन पनि सेवाग्राहीको चाप धान्न नसक्ने अवस्थामा पुगेको छ। इजलासदेखि विभिन्न फाँटसम्म सेवाग्राहीको भीडभाड बढ्दै गएको छ। साँघुरो भौतिक संरचनाभित्र न्यायिक कामकारबाही सञ्चालन गर्दा कर्मचारी, कानून व्यवसायी र सेवाग्राही सबै प्रभावित भइरहेका छन्। न्यायालयमा शान्त, सुरक्षित, व्यवस्थित र सेवाग्राहीमैत्री वातावरण हुनुपर्नेमा भौतिक पूर्वाधारकै अभावले व्यवस्थापन कमजोर हुनु गम्भीर विषय हो। न्याय नागरिकको मौलिक अधिकारसँग जोडिएको विषय हो। त्यसैले न्यायालयको पूर्वाधारलाई सामान्य सरकारी कार्यालयको पूर्वाधारका रूपमा हेर्न मिल्दैन्। न्याय सम्पादनका लागि पर्याप्त इजलास, सेवाग्राहीका लागि सहज प्रतीक्षास्थल, कानून व्यवसायीका लागि आवश्यक स्थान, अभिलेख व्यवस्थापन, सुरक्षा, पार्किङ तथा अपांगमैत्री संरचनासहितको आधुनिक भवन आवश्यक हुन्छ। अहिलेको अवस्थामा जिल्ला अदालत सिरहालाई नयाँ र व्यवस्थित भवन अपरिहार्य भइसकेको देखिन्छ। तर नयाँ भवन निर्माणका लागि सबैभन्दा पहिले उपयुक्त जग्गाको आवश्यकता पर्छ। यही विषय अहिले मुख्य चुनौती बनेको छ। सिरहा सदरमुकाममै अदालतका लागि उपर्युक्त जग्गा व्यवस्थापन गर्नुपर्ने भएपनि सिरहा नगरपालिका तथा सम्बन्धित सरोकारवाला निकायले सक्रियता देखाउन सकेको छैन् । स्थानीय तहले अदालत आफ्नो मातहतको कार्यालय होइन भन्ने तर्क गरेर जिम्मेवारीबाट पन्छिन मिल्दैन्। न्यायिक सेवा प्रभावकारी हुनु अन्ततः स्थानीय नागरिककै हितसँग जोडिएको विषय हो।

सिरहा नगरपालिकासँग सार्वजनिक प्रयोजनका लागि जग्गा व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने महत्वपूर्ण भूमिका हुन्छ। प्रदेश तथा संघीय सरकारका सम्बन्धित निकाय, जिल्ला प्रशासन, मालपोत तथा नापी कार्यालय, जिल्ला अदालत र स्थानीय तहबीच प्रभावकारी समन्वय गरेर यसको समाधान खोज्न सकिन्छ। आवश्यक परे सार्वजनिक जग्गाको पहिचान, स्वामित्वसम्बन्धी प्रक्रिया, जग्गा हस्तान्तरण वा अन्य वैधानिक विकल्पबारे तत्काल अध्ययन गरिनुपर्छ। यसमा ठोस पहल आवश्यक छ। सिरहा नगरपालिकाले सम्बन्धित निकायसँग समन्वय गरी अदालतका लागि सम्भावित जग्गाको पहिचान गर्नुपर्छ। त्यसपछि प्राविधिक र कानुनी सम्भाव्यता अध्ययन गरेर जग्गा व्यवस्थापनको प्रक्रिया अघि बढाउनुपर्छ। संघीय तथा प्रदेश सरकारले समेत आवश्यक बजेट र प्रशासनिक सहयोग उपलब्ध गराउनुपर्छ। जिल्ला अदालतले आफ्नो आवश्यकता र प्रस्ताव स्पष्ट रूपमा सम्बन्धित तहमा राखेर सहजीकरण गर्नुपर्छ। अदालतको नयाँ भवन निर्माण गर्नु भनेको सरकारी भवन थप्नु मात्र होइन। यो न्यायिक सेवाको गुणस्तर सुधार्ने, सेवाग्राहीको सम्मान र सहजता सुनिश्चित गर्ने, अदालतको सुरक्षा तथा कार्यक्षमता बढाउने र सिरहा सदरमुकामको ट्राफिक व्यवस्थापनलाई समेत व्यवस्थित गर्ने दीर्घकालीन योजना हो। त्यही भएर जग्गा व्यवस्थापनमा ढिलाइ गर्दा भोलि झन् समस्या जटिल र खर्चिलो बन्न सक्छ।

सिरहामा विकासका धेरै योजना आवश्यक छन्। तर नागरिकको न्याय पाउने अधिकारसँग प्रत्यक्ष जोडिएको जिल्ला अदालतको पूर्वाधारलाई प्राथमिकताबाट बाहिर राख्न मिल्दैन्। अदालत परिसरबाहिर सडकमा देखिने भीड, सवारी जाम र दुर्घटनाको जोखिम तथा अदालतभित्रको सेवाग्राहीको भीडले जिल्ला अदालत सिरहाका लागि नयाँ भवन निर्माण अत्यन्त जरुरी भएको देखाएको छ। सिरहा नगरपालिका र सम्बन्धित सरोकारवाला निकायले उदासीनता आफ्नो त्याग्नुपर्छ। उपर्युक्त जग्गाको खोजी र व्यवस्थापनमा जुट्नुपर्छ। स्थानीय जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज, कानून व्यवसायी, उद्योगी-व्यवसायी र अन्य सरोकारवालाले समेत यसलाई साझा सार्वजनिक मुद्दाका रूपमा उठाउनुपर्छ। न्यायालयको भवन व्यवस्थित भयो भने अदालतको सेवा मात्र व्यवस्थित हुँदैन, त्यसले सदरमुकामको सडक व्यवस्थापनदेखि नागरिकको न्यायिक अनुभवसम्म सकारात्मक प्रभाव पार्छ। त्यसैले जिल्ला अदालत सिरहाका लागि उपर्युक्त जग्गा व्यवस्थापन गरी नयाँ भवन निर्माणको बाटो खोल्नु पर्छ। अदालतको नयाँ भवन बन्नु भनेको न्याय, सुशासन र नागरिक अधिकारसँग जोडिएको साझा दायित्व पूरा गर्नु हो।

# एउटी मैमत्त हटिन्, अरु मैमत्तलाई के हुन्छ बालेन सरकार !



रमेश सापकोटा

मान्छेहरूलाई सपनाका सगरमाथा देखाउँदै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारमा पुगेको ५ महिना नाघेको छ। अघिल्लो वर्षको भदौ २३ र २४ मा भएको जेन-जी विद्रोहको सबैभन्दा ठूलो राजनीतिक लाभ प्राप्त गर्ने दलमा रास्वपा पर्छ। यस्तै लाभको नतिजास्वरुप उनले एकलौटी दुईतिहाइको सत्ता पनि प्राप्त गर्‍यो।

यो अभूतपूर्व जनमत नागरिकप्रति जिम्मेवार, संयम र नतिजामुखी हुने समय हो। जवाफेदेहिताको भारी हो। पाँच वर्षको लागि बनेको सरकारको कडा आलोचना ५ महिनामै गर्ने बेला भइसकेको छैन। तर अपेक्षाको भारी बोकेर आएको सरकारका पाँच वर्ष यात्रालाई चिहाउने पाँच महिना आँखिझ्याल पनि भने अवश्य हो। सत्ता फलेको वृक्ष नुगेजस्तै खँदिलो देखिनुपर्ने। तर ५ महिनामै सरकारका मन्त्री एकपछि अर्को मैमत्त देखिन थालेका छन्।

नागरिकलाई असीमित आकांक्षाका भारी सबैभन्दा बढी बोकाउने यही रास्वपा हो। त्यही रास्वपाका मन्त्री आज सत्ताबाट नागरिकमाथि निरन्तर अपमान, घृणा र तिरस्कारका शब्द बोलिरहेका छन्। जनमतको भारीले उनीहरूमा विनयशीलता, जवाफदेहिता र नागरिकप्रति उत्तदायित्व बोध हुनुपर्ने हो। सरकारका लक्षित काम एकपछि अर्को गरी नतिजामा परिणत हुनुपर्ने हो। बरु उल्टै ढंग नपुगेपछि नागरिकप्रति नै अपमानका गाली बर्साउनमा उनीहरू केन्द्रित छन्।

नागरिकले सित्तैमा ग्यास मागेका छैनन्। तर व्यवस्थापन गर्न लाचारी देखाएकी उद्योगमन्त्री 'उद्योगीलाई पाता' नकसी हुँदैन भनेर ओठे जवाफ लगाउँछिन्। नागरिकलाई १४/१५ किलोको ग्यास दिने सामान्य व्यवस्थापन आफू चुकेको बोध उनलाई कहीँ कतै छैन। उल्टै व्यवसायीको हुर्मत लिन्छिन्। दुईतिहाइको सत्तालाई रत्नराज्य क्याम्पसअगाडिको सडकमा दाउरा बालेर खाना पकाउँदाको विरोधले लाज लाग्दैन।

ग्यास नपाउँदाको पीडामा सुत्केरी भोकै छिन्, बच्चाले खाएर स्कुल जान पाएको छैन। यस्तो मानवीय सवालमा प्रयासको कुरा नगरी प्रत्याक्रमण गरेपछि उद्योगमन्त्री यादवले राजीनामा दिइन्। यो मैमत्तको सूचीमा गौरी कुमारी एक्लो पात्र होइनन्। गृहमन्त्री सुधन गुरुङ, पूर्वाधारमन्त्री सुनिल लम्सालदेखि कानुनमन्त्री सोविता गौतमसम्म छन्।

नागरिकले सुरक्षा खोजेका छन्। सुशासन रोजेका छन्। जवाफमा गृहमन्त्री गुरुङ धम्काउने भाषा बोल्छन्। प्रश्न गर्ने पत्रकारलाई पक्रिने चेतावनी दिन्छन्। जेन-जी विद्रोहको एक वर्ष पुग्न लाग्दा उनीहरूकै सपनामा काम गर्दै छौं भन्ने उनको अपिल देखिन्न। उल्टै गृहमन्त्री गुरुङ विवादास्पद धर्मगुरुलाई मञ्चमा चढाउँछन्। त्यहाँ, जेन-जीको अगुवाले खबरदारी गर्न पाउँदैन, बरु खरानीधारीले मञ्चमा लामो भाषणको समय पाउँछ।

विचौलिया दीपक भट्टसँग पाएको साझेदारी शेयर के थियो ? यो कुराको प्रस्टता नभई गुरुङ किन फेरि गृहमन्त्री बनाइए ? के गुरुङको गृहमा दोस्रो इन्ट्री उनीमाथिको क्लिनचिटपछिको अवस्था थियो ? आज हरेक सार्वजनिक मञ्चमा ध्वाँस दिइरहेका, थुन्ने, सेक्ने, बदला लिने हुँकार गरिरहेका सुधन जवाफदेही बन्न मिल्दैन ? सरकार बोल्नु पर्दैन ?

हामीलाई लेख्दा प्रतिशोध साँधेको, झोले भएको ट्याग लागिहाल्छ। तर रास्वपाको ह्वाट्स्अप ग्रुपमा सचेतक क्रान्तिशिखा धितालले गृहमन्त्रीलाई 'अपराधीलाई छेउमा राखेर जेन-जीको माग पूरा हुन्छ ?' भनेर सोधेको ? पार्टीकै सचेतकले जिम्मेवार गृहमन्त्रीलाई 'तपाईंको तमिज भएन' भनेर बोल्ने आँट कसरी आयो ?

त्रिशूलीको किनारको बाटो धसिँदै गएको आज होइन, चारँपाँच महिनादेखिको समस्या हो। केही लाख खर्च गर्न सक्दा कृष्णभिर त्रिशूलीमा भासिने थिएन। यही किनाराको बाटो भएर उनले कैयौंपटक यात्रा पनि गरिसके। विपत् र चाँडबाडको मुखमा लाइफलाइन राजधानीसँग टुट्ने थिएन। ५ महिनासम्म पृथ्वी राजमार्ग त्रिशूलीमा विलीन हुँदै गएको कुरा ५५ जिल्ला पुगिसकेका पूर्वाधारमन्त्रीले चाल पाएनन्। तर अहँ देशको लाइफलाइन बाटो बिग्रँदै गएको यिनलाई पत्तो हुँदैन।

५५ जिल्ला पुगिसकेँ, अब २२ जिल्ला पुगेपछि जिल्ला घुमेर सकिनेमा मन्त्रीहरूलाई गर्व छ। यस्तो मैमत्तको सूचीका यी अरु होइनन् प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन'का प्रियपात्र पूर्वाधारमन्त्री सुनिल लम्साल हुन्। उनीमाथि पूर्वाधारमा सयौं काम एकैपटक पूरा गराउने 'टास्क' छ। चलाउने बजेट हातहातमै छ। विडम्बना उनी एउटा ठेकेदारको खुट्टा किन नभाँचेको भन्नेमा सीमित छन्।

'देश बनाउने टोली'का यी सदस्यलाई सामान्य स्वास्थ्य बिग्रँदा हेलिकोप्टरले चार्टर गरेर काठमाडौं ल्याउँछ अनि अस्पताल होइन क्वार्टरमा छोड्छ। रास्वपाकै सचेतक प्रकाशचन्द्र परियारले सार्वजनिक गरेको सोफामा पल्टेको फोटोले उनीमा गम्भीर बिमार देखाउँदैन। उनी आफूलाई इन्जिनियर मान्छन्। देशको लाइफलाइन भासिँदा र सुरुङका प्वाल टालिँदा यिनको अध्ययन मुलुकलाई काम लाग्दैन। यिनले पढेको इन्जिनियरिङको लाभ देशले पाउँदैन।

यस्तो मैमत्तको सूचीमा मृदुभाषी कानुनमन्त्री सोविता गौतम पनि निक्कै अगाडि छिन्। रास्वपासँग कानुन पास गर्ने दुईतिहाइ मत छ। बलियो मत देखाएर अरु दललाई विश्वासमा लिने बाटो छ। आफ्नै दलले नेतृत्व गरेको सरकारले ल्याएको विधेयक पास गर्न रास्वपाका सांसद संसद बैठकमा पुग्दैनन्।

गणपुरक संख्या नपुगेर सरकारको विधेयक पास हुँदैन। सभामुखले लाज मान्दै सांसदका टाउको गन्न निर्देशन दिन्छन्, तर अहँ टाउको गन्दा पनि रास्वपाले बैठकको गणपुरक संख्या पुर्‍याउन सक्दैन। जबकि संसदमा रास्वपाका १८२ सांसद छन्।

सुशासन, जवाफदेहिता, विकास र समृद्धिको लागि दुईतिहाइको भारी जनमत के यसैको लागि थियो ? तर कानुन पढेकी कानुनमन्त्री सोवितालाई आफ्नै सांसद उपस्थित नभएर सभामुखले टाउको गन्न लगाएको कुराले लज्जित बनाउँदैन। बरु उल्टै राष्ट्रियसभामा बहुमत नभएर कानुन पास गर्न नसकेको कुतर्कमा समय बिताउन मन लाग्छ। जबकि बजेटदेखि अति आवश्यक कानुन पास गर्नमा एउटै सांसद नभएको रास्वपा सरकार रोकिनुपरेको छैन। राष्ट्रियसभाले सरकारका विधेयक नरोकेकोको रेनु चन्दका जवाफले सोवितालाई लज्जित बनाउनुपर्ने होइन ?

देश यतिखेर रसुवा बाढीपछिको विपत्तिमा छ। बाढीपछि देशले सबै प्रयत्न बाढी पीडितको उद्धारमा लगाएको छ। सामान्य नागरिकदेखि उद्योगी, व्यवसायी, स्वदेशी विदेशीले मन फुकाएर सहयोग गरिरहेका छन्। सरकारीदेखि प्राइभेट एयरलायन्सका हेलिकोप्टर सरकारको एकद्वारको कडा नीतिमा उडाइएका छन्। हेलिकोप्टर आफूहरूको हामी नेपालीको कब्जामा रहेको गृहमन्त्री सगर्व बताउँछन्। सार्वजनिक मञ्चबाटै प्रश्न सोध्ने पत्रकारलाई टार्गेटमा राखेको भाषा बोल्छन्। सामान्य आलोचना गरेकै आधारमा उठाइहाल्ने यिनको सार्वजनिक चेतावनीमा प्रधानमन्त्री चुप लाग्न मिल्छ ? देश यस्तै लहडले चल्छ ?

बलियो जनमतको सत्ता यस्तै मैमत्त तरिकाले चल्छ कि यो संकटमा विनयशीलता पनि आवश्यकता पर्छ ? 'हामी राजनीति सिकाउन आएको हो, राजनीति सिक्न आएको होइन' भन्ने गृहमन्त्री गुरुङलाई यस्तै भनिरहन छुट छ ? अपमान गरिरहन छुट छ ?

गृहमन्त्री हरेक भाषणमा जेन-जी युवा मारिएको र अब त्यस्तो कहिल्यै नहुने दाबी गरिरहन्छन्। तर सुनसरीमा अनाहकमा गोली चलाउँदा केही युवा मारिएको र सुकुम्बासी व्यवस्थापनका नाममा १२ जनाको मृत्यु भएको विषयलाई निरन्तर नजरअन्दाज गर्छन्।

बिहीबार रास्वपाकै सांसद खगेन्द्र कर्णले संसदमा एउटा गम्भीर सवाल उठाए। अस्पतालले भर्ना नलिँदा राजविराजको सडकमै महिलाले बच्चा जन्माएको घटनालाई उनले निक्कै अमानवीय र भावुक क्षण भएको बताए। अपेक्षा गरिएको सरकारकै समयमा एउटा नागरिकले अस्पतालमा भर्ना हुन नपाउनु विडम्बनाको विषय होइन ? त्यसैले बालेन सरकारले दुईतिहाइको मतले मात्तिने होइन, मानवीय कर्ममा मरिहत्ते गरी प्रयत्न गरोस्। आफैं पनि मानवीय बनोस्।

### ब्राउन सुगरजस्तो पदार्थसहित ४ जना ...........

बरामद भएको हो। उनीहरूको साथबाट चार थान मोबाइल र नगद २ हजार ५ सय रुपैयाँसमेत बरामद गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेका चारै जनालाई इलाका प्रहरी कार्यालय मिर्चैयामा राखी घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

## आजको राशिफल

**मेष** : कर्मप्राप्तिका लागि गरिएका प्रयास सफल हुनेछन्। मनमा शान्ति मिल्नेछ।

**बृष** : अभिभावकको आशीर्वाद मनन गर्नुहोला। कुनै पनि व्यावसायिक काममा व्यस्त रहनुहोस्।

**मिथुन** : खर्च बढ्नुका साथै विभिन्न जोखिम आइलाग्ने समय छ। राजनैतिक कार्यमा सफलता मिल्नेछ।

**कर्कट** : साथीभाइको राम्रो सल्लाह र सद्भावना प्राप्त हुनेछ। राम्रो सहयात्रीको मिलन हुने सम्भावना छ।

**सिंह** : अध्ययन-अध्यापनको क्षेत्रमा प्रगति। राजनैतिक कार्यमा बाधा आउनेछ।

**कन्या** : अनावश्यक दौडधुप गर्नु पर्नेछ, काममा चुनौती। पारिवारिक कलहको सम्भावना छ।

**तुला** : केही कुरा बोल्नु अगाडि विचार गर्नुहोला। केटा तथा केटी साथीबाटा टाढा रहनुहोला।

**वृश्चिक** : सुनचाँदी जस्ता धातुको कारोवारबाट लाभ मिल्नेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ।

**धनु** : मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ।

**मकर** : जग्गा खरिद विक्रीका लागि तपाईंको आजको दिन शुभ हुनेछ। नाक तथा घाँटीमा समस्या आउला।

**कुम्भ** : रिसलाई बसमा राख्नु बुद्धिमतापूर्ण हुनेछ। आँटेको र ताकेको कार्य पुरा होला।

**मीन** : जोखिमपूर्ण चुनौतीको सामना गर्दा तपाईलाई आज शुभ हुने योग छ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# बालेन नेतृत्व मन्त्रिपरिषद्मा महोत्तरीलाई दुई पटक नै फापेन, अब सुनसरीले के गर्ला ?



**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ २५ गते**

नेपालको राजनीतिक इतिहासमा पहिलो मधेशी मूलका प्रधानमन्त्रीका रूपमा बालेन शाहले कार्यभार सम्हालिरहेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट बहुमतसहित प्रधानमन्त्री बनेका शाहले मन्त्रिपरिषद् विस्तारका क्रममा मधेश क्षेत्र र मधेशी समुदायको प्रतिनिधित्वलाई प्राथमिकता दिएको देखिन्छ ।

प्रधानमन्त्री शाहसँगै महोत्तरी जिल्लाबाट प्रतिनिधित्व गर्ने दीपक साह श्रममन्त्री बनेका थिए भने समानुपातिकतर्फबाट सांसद बनेकी तथा नर्ससमेत रहेकी सुनसरीको इनरुवाकी निशा मेहतालाई स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रीको जिम्मेवारी दिइएको थियो । त्यसैगरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीमा डा. अमरेश सिंहलाई नियुक्त गर्ने तयारी भए पनि उनले उक्त मन्त्रालय सम्हाल्न नचाहेको चर्चा त्यतिबेला चलेको थियो ।

तर, बालेन सरकारमा महोत्तरीबाट मन्त्री बनेका दुवै जनाको कार्यकाल सुखद हुन सकेन । श्रममन्त्री बनेका दीपक साह एक महिना पनि सरकारमा टिक्न सकेनन् । साहमाथि पदीय मर्यादाविपरीत लामो समयदेखि निष्क्रिय रहेको स्वास्थ्य बीमा बोर्डमा आफ्नी श्रीमती जुनु श्रेष्ठलाई सदस्यका रूपमा नियमित काममा संलग्न गराएको आरोप लागेको थियो । उक्त विवादपछि प्रधानमन्त्री बालेन्द्र शाहले रास्वपाको सिफारिसमा साहलाई मन्त्री पदबाट हटाएका थिए ।

साह पदमुक्त भएपछि प्रधानमन्त्री शाहले सप्तरी-२ बाट निर्वाचित सांसद रामजी यादवलाई श्रममन्त्री नियुक्त गरे ।

त्यसपछि महोत्तरी-४ बाट निर्वाचित सांसद गौरीकुमारी यादवलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीको जिम्मेवारी दिइएको थियो । तर, ग्यासको चरम अभाव र व्यवसायीहरूसँगको विवादका कारण उनी पनि आफ्नो पदमा लामो समय टिक्न सकिनन् । एलपी ग्यास व्यवसायीहरूप्रति दिएको विवादित अभिव्यक्तिपछि चर्किएको आलोचनाबीच गौरीकुमारी यादवले मन्त्री पदबाट राजीनामा दिइन् ।

गौरीकुमारी यादवले राजीनामा दिएपछि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको जिम्मेवारी सुनसरी-४ बाट निर्वाचित सांसद दीपककुमार साहलाई दिइएको छ । साहले बिहीबार नै मन्त्रालय पुगेर पदभार ग्रहण गरेका छन् ।

यससँगै बालेन सरकारमा मधेश क्षेत्रबाट मन्त्री बन्ने र बाहिरिने क्रमले नयाँ राजनीतिक बहस जन्माएको छ । अहिलेसम्म बालेन सरकारमा पाँच जना मन्त्री बन्ने अवसर पाएका छन् । तर, तीमध्ये एकजना पदमुक्त भएका छन् भने अर्की एक मन्त्रीले राजीनामा दिएकी छन् ।

विशेषगरी महोत्तरी जिल्लाबाट मन्त्री बनेका दुई नेताको कार्यकाल विवाद र राजीनामामै टुंगिएपछि 'बालेन सरकारमा महोत्तरीलाई मन्त्री पद किन फापेन ?' भन्ने प्रश्न उठेको छ ।

## खाजाको पैसा बचाएर बाढीपीडितलाई ८१ हजार १८१ रूपैयाँ ...........

दिए । उनले भने, ‘विद्यार्थीहरूले आफूले दैनिक खाजाका लागि पाउने रकममध्ये केही हिस्सा विपद्मा परेका परिवारको सहयोगका लागि छुट्याएका हुन् । सानै उमेरदेखि विद्यार्थीमा मानवीय संवेदना र सामाजिक उत्तरदायित्वको भावना विकास गराउने उद्देश्यले पनि यो अभियान महत्वपूर्ण छ ।

‘विद्यार्थीको सहयोग रकमभन्दा भावना ठूलो छ’ विद्यालयका प्रधानाध्यापक तथा संस्थापक पुरुषोत्तम बुढाथोकीले विद्यार्थीहरूले आफ्नो खाजाको पैसा बचाएर विपद् प्रभावित परिवारलाई सहयोग गर्नु अत्यन्तै सकारात्मक र प्रेरणादायी कार्य भएको बताए । उनले भने, हामीले विद्यार्थीलाई किताबको ज्ञान मात्र होइन, समाज र दुःखमा परेका मानिसप्रति जिम्मेवार बन्न पनि सिकाउनुपर्छ । आफ्नै खाजाको पैसा कटाएर विपद् पीडितका लागि सहयोग गर्नु विद्यार्थीहरूको ठूलो मानवीय भावना हो । रकम जति भए पनि त्यसमा जोडिएको भावना र सहयोग गर्ने संस्कार महत्वपूर्ण हुन्छ ।

बाढीपहिरोका कारण परिवारहरू संकटमा परिरहेका बेला पीडितको दुःखमा साथ दिने उद्देश्यले विद्यालय परिवारले संयुक्त रूपमा राहत रकम संकलन गरेको विद्यालयले जनाएको छ ।

विद्यालय प्रशासनका अनुसार विद्यार्थी, शिक्षक, कर्मचारी र विद्यालयको संयुक्त पहलमा संकलित ८१ हजार १८१ रुपैयाँ राहत सहयोगका रूपमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको हो ।

विद्यालयले यस्तो अभियानले विद्यार्थीमा मानवीय संवेदना, सामाजिक उत्तरदायित्व र सहयोगी भावनाको विकास गराउनुका साथै विपद्का बेला समाजमा एकताको सन्देशसमेत प्रवाह गर्ने विश्वास व्यक्त गरेको छ ।

## मधेश प्रदेशमा ६ वर्षमा २८ हजार ८३ भवन ...........

धर्मशाला समेत निर्माण भएका छन् । मन्त्रालयका सूचना अधिकारी रोहित जोशीले प्रदेशका आठ वटै जिल्लामा आवश्यकता र प्राथमिकताका आधारमा ती संरचना निर्माण गरिएको जानकारी दिए ।

मधेश प्रदेशको आवास कार्यक्रमको सबैभन्दा महत्वपूर्ण पक्ष विपन्न तथा दलित परिवारलाई सुरक्षित आवास उपलब्ध गराउनु हो । वर्षौंदेखि कमजोर तथा असुरक्षित घरमा बस्दै आएका परिवारका लागि पक्की आवास निर्माण भएपछि उनीहरूको जीवन शैलीमा परिवर्तन आएको छ ।

जनता आवास कार्यक्रमअन्तर्गत मात्रै आव २०७७/७८ मा नौ हजार ४५, आव २०७८/७९ मा दुई हजार ७२८, आव २०७९/८० मा छ हजार ३९३, आव २०८०/८१ मा ११५, आव २०८१/८२ मा एक हजार ६४८ र आव २०८२/८३ मा १९० आवास निर्माण भएका छन् ।

यसरी हजारौं परिवारले वर्षा, हावाहुरी तथा अन्य प्राकृतिक जोखिमबाट जोगिने सुरक्षित आवास पाएका छन् । प्रदेश सरकारको अर्को महत्वपूर्ण उपलब्धि सरकारी भवन निर्माण पनि हो । प्रदेश सरकार स्थापना भएपछि विभिन्न सरकारी कार्यालयका लागि आवश्यक भवन निर्माणलाई प्राथमिकता दिइएको छ ।

आव २०७७/७८ देखि आव २०८२/८३ सम्म ८५६ सरकारी भवन निर्माण सम्पन्न भएका छन् । आव २०७७/७८ मा नौ, आव २०७९/८० मा तीन, आव २०८०/८१ मा २३८, आव २०८१/८२ मा ३१७ र आव २०८२/८३ मा २८९ सरकारी भवन निर्माण भएको मन्त्रालयले जनाएको छ । आफ्नै भवन भएपछि सरकारी कार्यालय सञ्चालनमा सहजता हुनुका साथै सेवाग्राहीले पनि व्यवस्थित वातावरणमा सेवा लिन पाउने अवस्था बनेको मन्त्रालयको भनाइ छ ।

गाउँटोलमा विवाह, बैठक, सामाजिक कार्यक्रम तथा अन्य सामुदायिक गतिविधि सञ्चालन गर्न आवश्यक संरचनाको मागलाई सम्बोधन गर्न प्रदेश सरकारले सामुदायिक भवन निर्माणलाई प्राथमिकता दिएको छ । पछिल्लो अवधिमा २९१ सामुदायिक भवन निर्माण भएका छन् । आव २०७७/७८ मा ९७, आव २०७८/७९ मा २७ र आव २०७९/८० मा १६७ सामुदायिक भवन निर्माण गरिएको मन्त्रालयले जनाएको छ ।

त्यस्तै, विवाह, व्रतबन्धलगायत सामाजिक तथा सांस्कृतिक कार्यक्रमका लागि प्रदेशका जिल्लाहरुमा ६८ धर्मशाला निर्माण भएका छन् । प्रदेश सरकारका अनुसार भवन निर्माणलाई केवल भौतिक संरचना थप्ने कामका रूपमा मात्र नभई नागरिकको जीवनस्तर सुधारसँग जोडिएको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालयका प्रवक्ता प्रविणप्रताप अधिकारीले आधारभूत भौतिक पूर्वाधारको विकासमार्फत नागरिकलाई सहज सेवा, सुरक्षित आवास र सामाजिक गतिविधिका लागि आवश्यक संरचना उपलब्ध गराउने सरकारको लक्ष्य रहेको बताए । “पूर्वाधार विकासलाई नागरिकको सामाजिक तथा आर्थिक समृद्धिसँग जोडेर सरकारले काम गरिरहेको छ”, उनले भने ।

## हिमाल, पहाड र तराईबाट चुनाव जितेर प्रधानमन्त्री बन्ने ...........

राष्ट्रिय स्वाधीनताविरुद्ध निकै ठूलो प्रतिक्रान्तिकारी षड्यन्त्र भयो,’ उनले भने । उक्त दिन केही घण्टाभित्रै सिंहदरबार लगायतका ऐतिहासिक धरोहर, दस्ताबेज, पार्टी कार्यालय र प्रहरी कार्यालयमा विध्वंस मच्चाइएको उनले बताए ।

भाद्र २३ गतेको प्रदर्शनबारे प्रस्ट पार्दै प्रचण्डले सुरुमा उक्त आन्दोलन सकारात्मक रहेको बताए । ‘२३ गते दिउँसोसम्म त्यो आन्दोलन युवाहरूको भ्रष्टाचारविरुद्ध र सुशासनका पक्षमा थियो । सञ्चारमाथिको प्रतिबन्धविरुद्ध थियो,’ उनले भने, ‘तर, २ बजेपछि जब त्यसले हिंसात्मक रूप लियो र घुसपैठ भयो, तब मानिसहरू मारिने परिस्थिति बन्यो ।’

काठमाडौंको जिल्ला प्रशासन कार्यालयबाट प्रदर्शनको स्वीकृति लिने ‘जेन्जी’ युवाहरूको आन्दोलनमा पछि घुसपैठ भएको दाबी उनले गरे ।









# कुमार बेनमाथि धावा बोल्दै अमरेशले संसदमा के-के भने ?

**ज्वागलबाट गुण्डा शैलीमा शासन चलाएकोदेखि लुकीछिपी भारतीय जासुसी संस्था भेट्न गएकोसम्म आरोप**

**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ २५ गते**

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद अमरेश कुमार सिंहले प्रधानमन्त्री बालेन्द्र शाहलाई नै झस्काउने गरी संसदमा 'तातो' भाषण गरेका छन्। उनी सरकारविरुद्ध प्रतिपक्षी सांसदभन्दा पनि उग्र रूपमा आज प्रस्तुत भए।

अमरेशको मुख्य निशानामा थिए प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार बेन। बेनको नाम उच्चारण नगरीकन सिंहले उनीमाथि अनेक आरोपहरू लगाएका छन्। सरकारको शासकीय केन्द्र नै ज्वागल (कुमार बेनको निवास) बनेको र गुण्डा शैलीमा शासन चलाइएको सिंहले बताए।

उनले भने, 'हाम्रो प्रधानमन्त्रीय शासन व्यवस्था छ। तर यो शासन व्यवस्थालाई सल्लाहकार व्यवस्थामा परिवर्तन गरिएको छ। यो कुरा संविधानमा कुन धारामा छ मैले बुझेको छैन। सल्लाहकारको योग्यता छ भने प्रधानमन्त्रीलाई कानमा सल्लाह दिऊँ, लेखेर दिऊँ। उहाँको सल्लाहकार हार्वर्ड, अक्फोर्ड र क्याम्ब्रिज कहाँ पढेको हो ? सरकारको केन्द्र मैले सिंहदरबार बुझेको थिएँ, तर अहिले ज्वागल बनेको छ। देशमा हुकुमी शासन चलिरहेको छ।'

सिंहले बेनलाई ईंगित गर्दै उनले गुण्डा शैलीमा शासन चलाइरहेको बताए।

उनले भने, 'यो (प्रधानमन्त्रीको) सचिवालय र सचिवालयका केही साथीहरूको कुरा सुन्दाखेरि म आफैं झसङ्ग हुन्छु कि म कुन देशको सांसद हो ? यो देशको संसदले त यस्तो व्यवस्था गरेको छैन- गुण्डा शैलीको शासन गर्नुपर्छ भन्ने। यो उहाँको कोट-अन-कोट भन्दैछु। यो पनि संविधानले परिकल्पना गरेको छैन।'

उद्योगमन्त्री गौरीकुमारी यादवले राजीनामा दिएको नभई दिन बाध्य पारिएको उनको दाबी छ। यादवलाई प्रधानमन्त्रीको सचिवालयले केहीअघि पक्राउ गर्ने प्रयास गरेको पनि सिंहले बताए।

'माननीय गौरीकुमारी यादवले त त्यो दिन राजीनामा दिनुपर्थ्यो जुन दिन रातमा उनीमाथि प्रहरी परिचालन गरेको थियो। प्रधानमन्त्री सिस्टममा प्रधानमन्त्रीको अधिकार हुन्छ, जतिबेला पनि मन्त्रीलाई बर्खास्त गर्न सक्ने, उहाँलाई चित्त बुझेन भने। किनकि सबै अधिकार प्रधानमन्त्रीसँग छ। तर प्रधानमन्त्रीले पठाउँछन् मन्त्रीलाई अरेस्ट गर्न ? या सचिवालयले पठाउँछन् ?'

प्रधानमन्त्रीको सचिवालयले सम्पत्ति शुद्धीकरणको डीजीलाई बोलाएर कन्चटमा पेस्तोल तेर्स्याएको र कोही व्यक्तिलाई २ घण्टाभित्र रेडकर्नर नोटिस जारी गर्न आदेश दिएको सनसनी दाबी उनले गरे। सचिवालयले प्रहरी प्रमुखलाई पनि बेइज्जत गरेको टिप्पणी गरे।



सिंहले प्रधानमन्त्रीका सल्लाहकार बेन लुकीछिपी भारतीय जासुसी संस्थालाई भेट्न गएको आरोप लगाए।

उनले भने, 'अथोरिटी विदाउट एकाउन्टेबिलिटी साह्रै डेन्जर हुन्छ। मेरो शिर शर्मले निहुरेको छ, एउटा जासुसी संस्थालाई भेट्न सल्लाहकार लुकेर जान्छ, राज्यको ढुकुटीबाट मन्त्रीस्तरीय तलब-भत्ता खान्छ। म त्यो सल्लाहकार भएको भए ठाडो टाउको र टाइसुट लगाएर त्रिभुवन एयरपोर्टबाट दिल्ली एयरपोर्टमा झर्थें, वार्ता गर्थें, प्रधानमन्त्रीलाई सुनाउँथें। तर लुकेर के कुरा भो ? कम्तीमा हामी संसद सदस्यहरूले पनि थाहा पाएको भए अलिकति अनुग्रहित हुन्थ्यौं। त्यो लुकेर गएर हाम्रो देशको प्रतिष्ठा नाश गर्ने अधिकार सरकारको सल्लाहकारलाई छैन।'

प्रधानमन्त्रीका सल्लाहकार बेन दिल्लीमा लीला प्यालेसको सेकेन्ड फलोरमा बसेको उनले दाबी गरे।

उनले थपे, 'संविधानले सल्लाहकारलाई कुनै पनि कार्यकारी अधिकार दिएको छैन। तर रातदिन कर्मचारी त्यहाँ जान्छन्, बेइज्जत भएर आउँछन्। प्रहरी प्रमुखहरू, सशस्त्र प्रमुखहरू रोएर आउँछन्।'

प्रधानमन्त्रीलाई चुनौती दिँदै सिंहले अगाडि भने, 'म राज्यलाई भन्न चाहन्छु, तपाईं मधेशीको बलमा सरकार ठड्याउनुभएको छ, यो तासको पत्ता हो। तपाईंको लागि यही व्यक्ति बोलेको थियो कि यो सरकार बनेन भने आत्मदाह गर्छु र यही ठाउँबाट भन्न चाहन्छु कि यदि मधेशीलाई दबाउनुहुन्छ भने तपाईंको नाश लेख्या छ।'

त्यहाँ ज्वागलमा मैले, मेरो गल्ती होला कि बरमझियाको पेडा लिएर म पुगिनँ होला, म पत्रकारहरू पुगिनँ होला, सांसदहरू पुगिनँ होला। किनकि म कहिले पनि गुटमा विश्वास गर्दिनँ, म पार्टीमा विश्वास गर्छु।


## कर तिर्ने संस्कृतिको विकास गरौं

- कानुनबमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौं।
- प्रत्येक खरिद-बिक्रीमा अनिवार्य रूपमा बिल-बिजक लिऔं र दिऔं।
- कर छली तथा अवैध कारोबारलाई निरुत्साहित गरौं।
- डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं।
- करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं।
- पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं।
- करबाट संकलित राजस्व राष्ट्रको विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागि बनौं।

**कर तिर्नु नागरिकको दायित्व र राष्ट्रप्रतिको योगदान हो।**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**








# श्री जनता आधारभूत विद्यालय छघरे, फुलबरिया

**मिर्चैया न.पा.-७, जि. सिरहा (नेपाल)**
**स्थापना : २०५० साल**

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

यस विद्यालयमा प्रा.शि. तृतीय साधारण दरबन्दीमा संख्या-१ (एक) र राहत प्रा.शि. सं.-१ (एक) रिक्त रहेकोले सो रिक्त दरबन्दीमा मिर्चैया न.पा. शिक्षा, युवा तथा खेलकुद शाखाको च.नं. ३८ मिति २०८३/०५/१५ र शिक्षा विकास तथा समन्वय इकाई सिरहाको च.नं. २२५ मिति २०८३/०५/२४ गतेको प्राप्त पत्रनुसार र वि.व्य.स.को मिति २०८३/०५/२४ गतेको निर्णय अनुसार तपसिलका मापदण्ड पूरा गरेका उम्मेदवारहरूमा दरखास्त आह्वान गरिन्छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | तह/श्रेणी | माग संख्या |
|---|---|---|---|---|
| १. | १/२०८३/०८४ | प्रा.शि. साधारण दरबन्दी करार | प्रा.शि. तृतीय | १ (एक) |
| २. | २/२०८३/०८४ | प्रा.शि. राहत | प्रा.शि. राहत | १ (एक) |

१. **उमेर हद** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
२. **शैक्षिक योग्यता** : आई.एड. वा सो सरह।
३. **आवश्यक कागजातहरू** : शैक्षिक योग्यताको प्रमाण-पत्रहरू, नेपाली नागरिकता प्रमाण-पत्र, निरोगिताको प्रमाण-पत्र, स्थायी अध्यापन अनुमति-पत्र, पासपोर्ट साइजको फोटो-२ प्रति र हस्तलिखित निवेदन (सबै आवश्यक कागजातहरूको २/२ प्रति छायाँकपी २ ओटा फाइलमा राखी पेश गर्नुपर्नेछ।
४. **तलब** : नेपाल सरकारको प्रचलित कानून बमोजिम क्रमशः।
५. **दरखास्त दस्तुर** : प्रा.शि. रु. १२००/-
६. **दरखास्त दिने मिति** : २०८३/०५/२६ देखि २०८३/०६/१६ सम्म करार योग्यता क्रममा भएकाको लागि समेत (समय १० बजेदेखि ४ बजेसम्म)।
७. **दरखास्त दिने स्थान** : श्री अ.आ.वि. छघरे, फुलबरिया, मिर्चैया-७ (सिरहा)।
८. **परीक्षाको किसिम** : लिखित (सामान्य र विषयगत), अन्तर्वार्ता (आवश्यकतानुसार प्रयोगात्मक समेत)।
९. **सम्पर्क मिति** : २०८३/०६/१९ गते।
१०. **परीक्षा मिति र स्थान** : सम्पर्क मितिमा तोकिनेछ।
११. थप जानकारीका लागि सम्पर्क नं.: ९८४२८३६३८७


## पैसा नभएको भन्दै अस्पतालले भर्ना नलिएको आरोप .............

हामीले उनीसँग कुराकानी गरेका छौं।

भिडिओमा देखिएकी सुत्केरी सप्तरीको राजविराज नगरपालिका-१४ की ३५ वर्षीया बबिताकुमारी पासवान हुन्।

उनीसँगै देखिएकी अर्की महिला नाताले सासू पर्छिन्।

उक्त भिडिओ बुधबार राति २ बजेको हो।

सुत्केरी व्यथाले च्यापेपछि श्रीमान हरेराम पासवान र सासू सहित बबिता मंगलबार राति राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल पुगेकी थिइन्।

अस्पताल पुगेपछि उनलाई चिकित्सकहरूले चेकजाँच सहित केही परीक्षण गर्न भनेको बबिता बताउँछिन्।

'परीक्षणका लागि ३ हजार रूपैयाँभन्दा बढी जम्मा गर्नुपर्ने भनियो। तर हामीसँग पैसा थिएन,' उनले भनिन्, 'पैसा छैन भनेर भन्यौं। उहाँहरूले मान्नु भएन।'

तत्काल आफूलाई गाह्रो भएको र अहिले भर्ना गरेर उपचार गर्न आफूले आग्रह गरे पनि अस्पताल नमानेको उनी बताउँछिन्।

उनका अनुसार बुधबार बिहान पैसा भएपछि बुझाउने र अहिले उपचार गर्न भनेकी थिइन्।

'पहिला जाँच गराएपछि मात्र भर्ना गर्ने भन्नुभयो,' बबिताले भनिन्, 'पैसा बुझाएर चेक नभएसम्म उपचार हुँदैन भन्नुभयो।'

गर्भ परीक्षणका लागि पैसा नभएपछि अस्पतालबाट बाहिर निस्किन भनियो। आफूहरूसँग पैसा नभएकाले बाहिर निस्किएको उनी बताउँछिन्।

अस्पतालबाट भर्ना नलिएपछि बाहिर एक औषधि पसलमा समेत आफूले चेकजाँच गर्न भनेको उनी सम्झिन्छन्।

'त्यहाँ बसिरहे बिहान चेक गरिदिन्छु भन्नुभएको थियो,' उनले भनिन्, 'त्यहाँ बस्दाबस्दै सुत्केरी व्यथाले च्याप्यो।'

फुटपाथमा बसिरहँदा व्यथाले च्यापेपछि उनीसँग अस्पताल पुगेका सासू सहितले उनको सुत्केरी हुने प्रक्रियालाई सहयोग पुर्‍याए।

बबिताले फुटपाथमा बिहान साढे ४ बजेतिर एक बच्चालाई जन्म दिइन्। उनले यसअघि पनि तीन जना बच्चा जन्माइसकेकी थिइन्। यसअघि आफूले कुनै पनि चेकजाँच नगरी बच्चा जन्माएको उनी बताउँछिन्।

बच्चा जन्माएपछि पुनः अस्पतालमा गएको तर आफूहरूलाई त्यहाँ बस्न नदिएको उनीहरूको गुनासो छ।

'पैसा नभएकै कारण श्रीमतीलाई अस्पतालबाट बाहिर निकालियो,' बबिताका श्रीमान हरेराम भन्छन्, 'भोलि बिहान जम्मा गर्छौं भन्दा पनि मान्नुभएन।'

यस बारेमा हामीले गजेन्द्रनारायण सिंह अस्पताललाई पनि सोधेका छौं।

अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा. जितेन्द्र कँडेलका अनुसार बिरामी अस्पतालमा भर्ना भइसकेकी थिइन्। अस्पतालले भर्ना लिएन भन्ने आरोप झूटो हो।

'उहाँ राति सवा २ बजेतिर अस्पतालमा भर्ना हुनुभएको छ। उहाँलाई मेटरनिटी वार्डको २४ नम्बर बेड र आइपी नम्बर समेत दिइएको रेकर्ड छ,' डाक्टर कँडेलले भने, 'डेलिभरी हुने बेलासम्म कुनै पनि अत्यावश्यक जाँच भएको रहेनछ। सुत्केरी व्यथाले च्यापिसकेकाले आकस्मिक ल्याबमा रगत संकलन गर्ने भाँडो लिएर आउन भनिएको थियो। तर उहाँहरू रगत झिक्ने ठाउँमा नगई बाहिर निस्किनु भएछ।'

उनका अनुसार सुत्केरी व्यथाले च्यापेर आएका व्यक्तिलाई अल्ट्रासाउन्डदेखि लिएर अन्य चेकजाँच गर्नुपर्ने हुन्छ। तर रातको समयमा भएकाले रगत परीक्षण गर्न भनिएको थियो।

'तर उहाँहरू यसअघि आफूहरूले कुनै पनि जाँच नगराइएको र तीन सन्तान एकपटक पनि चेकजाँच नगरी जन्माएको भन्दै निस्किनुभएको हो,' उनले भने।

अस्पतालको काउन्टर विवरण अनुसार बिरामीका आफन्त २:२७ बजेतिर काउन्टर पुगेका थिए। त्यसपछि उहाँहरू अस्पताल भित्र नफर्किएको डा. कँडेलले बताउँछन्।

'काउन्टरमा पैसा मागेको र पैसा नभएर फर्कनुपरेको कुरा हामीलाई भन्नुभएन। बाहिर निस्किनुभएछ,' उनले भने, 'बाहिरै व्यथाले च्यापेपछि डेलिभरी भएछ। साल र बच्चा जन्मिइसकेपछि नाल काट्नका लागि उहाँहरू पुनः वार्डमा आउनुभएको थियो।'

सुत्केरी भएपछि आउँदा पनि वार्डमा ल्याएर कर्ड क्ल्याम्प गरेर नाल काटिएको र आमाको स्वास्थ्य जाँचका लागि अनुरोध गर्दा आफन्तले अस्वीकार गरेको तत्कालीन सेवामा खटिएका नर्सहरूले बताएका छन्।

'हाम्रो प्रत्यक्ष निगरानीमा प्रसूति नभएकाले आमाको शरीरभित्र केही समस्या वा ब्लिडिङको जोखिम हुन सक्छ भनेर थप जाँच गराउन आग्रह गर्दा उहाँहरूले मान्नुभएन र बच्चाको नाल काटिसकेपछि जानुभयो,' नर्सहरूको भनाइ उद्धृत गर्दै कँडेलले भने।

## प्रादेशिक अस्पताल सिरहा .............

कमलेश कुमार यादव, डा सुमित कुमार कर्ण र डा सुरेन्द्र कुमार चौधरीको टोलीले हातखुट्टामा भाँच्चिएका विरामीहरुको सफलतापूर्वक शल्यक्रिया गरी उपचार गरेको छ। सिरहामा विभिन्न उमेर समूहका बिरामीमा देखिएका जटिल हाडजोर्नी तथा ट्रमासम्बन्धी फ्र्याक्चरको आधुनिक प्रविधिबाट सफलतापूर्वक शल्यक्रिया प्रादेशिक अस्पताल सिरहामा गरिएको छ। पछिल्लो समय विभिन्न प्रकृतिका फ्र्याक्चर भएका बिरामीहरुको जटिल शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरिएको हो।

आधुनिक शल्यक्रिया प्रविधि तथा आवश्यक उपकरणको प्रयोग गरी बिरामीहरूको भाँचिएका हड्डीलाई उचित अवस्थामा मिलाएर उपचार गरिएको डा कमलेशले बताएका छन्। पछिल्लो समय सिरहामै जटिल हाडजोर्नी तथा ट्रमासम्बन्धी शल्यक्रिया सम्भव हुन थालेपछि बिरामीलाई उपचारका लागि अन्य ठूला सहरमा जानुपर्ने बाध्यता केही हदसम्म कम हुने भएको स्थानीयहरुले बताएका छन्। आधुनिक प्रविधि र दक्ष जनशक्तिको उपलब्धताले प्रादेशिक अस्पताल सिरहामा उपचार गराउन आउनेहरु बढ्न थालेको हो।


- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

**सिधा सम्पर्क**
**०३३-५२१२१४**